स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



पछिल्लो समयकी हिट अभिनेत्री हुन- स्वस्तिमा खड्का। 'होस्टेल रिटर्न्स' बाट आफ्नो अभिनय यात्रा सुरुवात गरेकी उनले छोटो समयमै आफूलाई केवल एक ग्ल्यामरस सुन्दरीका रुपमा मात्र नभई एक गम्भीर र चरित्रप्रधान भूमिकामा पनि स्थापित गर्न सफल रहिन्। प्रदर्शनको तयारीमा रहेको फिल्म 'लालीबजार'का अध्ययन र अनुसन्धानले उनको पेसाप्रतिको समर्पण र इमानदारी झल्काउँछ।

आजको विचार...



जगन्नाथ पन्त

स्वास्थ्य... (दुई पेजमा)



अभिनेता राजेश हमाल पूर्वकूटनीतिज्ञका छोरा हुन्। उनी बेला-बेलामा कूटनीति र अन्तर्राष्ट्रिय सम्बन्धबारे धारणा राखिरहन्छन्। राष्ट्रिय मुद्दामा प्रायः मौन देखिने उनी पछिल्लो समय बोल्न थालेका छन्। २१ फागुनमा सम्पन्न चुनावको पूर्वसन्ध्यामा उनले भिडियो सन्देश जारी गर्दै आफ्नो धारणा राखेका थिए, जसले उनलाई निकै विवादित पनि बनायो। 'नयाँ भनाउँदाहरु' भन्दै उनले नयाँ दल र उम्मेदवारप्रति कटाक्ष गरेका थिए।

❒ वर्ष ३१ ❒ अंक २६३ ❒ २०८३ बैशाख ९ गते बुधबार 22 April 2026, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# इन्धन मूल्यवृद्धि नियन्त्रण गर्न पाल्पा उद्योग वाणिज्य संघको माग

## सरकारलाई बुझायो ज्ञापन पत्र

रामचन्द्र रायमाझी

**पाल्पा,** वैशाख ८/ पाल्पाका उद्योगी व्यवसायीहरुको छाता संगठन पाल्पा उद्योग वाणिज्य संघले इन्धन मूल्यवृद्धि नियन्त्रण गर्न सरकारसँग माग गरेको छ । संघले मंगलबार सहाय प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाउँदै इन्धनमा भएको अचाक्ली मूल्यवृद्धिले नागरिकको भान्सादेखि पूर्वाधार विकासमा गम्भीर असर परेको भन्दै मूल्य नियन्त्रण गर्न माग गरेको हो ।

पेट्रोलियम पदार्थमा मूल्यवृद्धिको श्रृङखलावद्धको प्रत्यक्ष असर दैनिक प्रयोग हुने खाद्यान्नको मूल्यमा परेको र जसको मारमा सर्वसाधारण परेको भन्दै संघले समस्या समाधानका लागि ठोस कदम चाल्न सरकारलाई आग्रह गरेको छ । इन्धनको अचाक्ली मूल्यवृद्धिले जनताको दैनिक जीवन कष्टकर बन्दै गएकाले त्यसको समाधानका लागि सरकारलाई ज्ञापनपत्रमार्फत आग्रह गरिएको संघका अध्यक्ष समिर मान सिंहले बताए ।



उनले दक्षिण एशियाका अधिकांश देशका सरकारले आफ्ना नागरिकलाई महंगीबाट राहत दिन करछूट, अनुदान र स्वचालित मूल्य प्रणालीमा प्रभावकारी कदम चालेको अवस्थामा सुशासन र भ्रष्टचार नियन्त्रणको जगमा स्थापित वर्तमान सरकारले विगतको सरकारले झै पेट्रोलियम पदार्थलाई राजश्व संकलनको मूख्य औजार बनाएर आम नागरिकको ढाड सेक्नु दुखद् भएको बताए । सरकार आयल निगम घाटामा भएकाले मूल्य वृद्धि रोक्न सकिन्न भनेर गैरजिम्मेवार बन्न नमिल्ने उनको भनाई छ । कोभिड १९ ले विश्व अर्थतन्त्रमा पारेको प्रभावबाट भर्खरै तंग्रिन खोजिरहेको नेपाली अर्थतन्त्रमा आम उपभोक्ता तथा व्यवसायीहरुलाई यो अनियन्त्रित महंगीले थप मर्माहत बनाएकाले मूल्य समायोजन गर्न सरकारलाई आग्रह गरिएको अध्यक्ष सिंहले बताए । "यो मुल्यवृद्धि तत्काल फिर्ता हुनुपर्छ,"उनले भने "संघीय सरकार यसमा गम्भीर बन्नुपर्छ ।" अध्यक्षसहित संघका पूर्व अध्यक्षहरु, वर्तमान पदाधिकारीसहित जिल्ला प्रशासन गएको उद्योगी व्यवसायीहरुको टोलीले सहायक प्रमुख जिल्ला अधिकारी ऋषिराम सुवेदीमार्फत प्रधानमन्त्रीलाई ज्ञापन पत्र बुझाएको हो । संघले इन्धनको मुल्य समायोजन, बजार अनुगमनमा कडाई, ढुवानी अनुदान, आयत प्रतिस्थापन, निजी क्षेत्रको सहभागिता, कर सहुलियत जस्ता मागहरु सरकारसँग राखेको छ । पेट्रोलियम पदार्थमा लगाईएका अनावश्यक करहरु कटौटी गर्दै सामाजिक न्यायलाई केन्द्रमा राखी मुल्यलाई न्युनतम विन्दुमा झारिनुपर्ने, कृतिम अभाव सिर्जना गर्ने, कालो बजारी गर्ने र अस्वभाविक रुपमा मुल्य बढाउने तत्वहरुलाई कानूनी दायरामा ल्याउन प्रभावकारी नियमन गरिनुपर्ने, पहाडी जिल्लाहरुको हकमा खाद्यान्न ढुवानीमा विशेष सहुलियत वा अनुदानको व्यवस्था गरी उपभोक्तालाई राहत प्रदान गर्नुपर्ने, आयतित इन्धनको खपतलाई घटाउन विद्युतिय उर्जालाई प्रयोग गर्ने बानी बसाल्नका लागि आवश्यक पूर्वाधार जतिसक्दो छिटो बनाउने र विद्युतिय चुल्होमा विशेष अनुदानको व्यवस्था गर्नुपर्ने, नेपालमा खपत हुने कुल पेट्रोलियम पदार्थको न्यनतम बिस प्रतिशत भन्दा माथि निजी क्षेत्रलाई आयत र वितरण गर्ने अख्तियारी दिइनुपर्ने, रुग्ण उद्योग र साना व्यवसायहरुलाई पुनर्स्थापित गर्न विशेष आर्थिक प्याकेजको व्यवस्था गरिनुपर्ने लगायतका मागहरु संघले राखेको छ । ज्ञापनपत्र बुझ्दै सहायक प्रमुख जिल्ला अधिकारी सुवेदीले संघका जायज मागहरु सम्बोधन गर्न ज्ञापन पत्र जस्ताको त्यस्तै सम्बन्धित निकायमा पठाईदिने बताए ।

### संक्षिप्त समाचार

## मध्यपूर्व द्वन्द्वले भारतको मल उत्पादनमा गिरावट

(रासस/एएफपी)

**नयाँदिल्ली,** वैशाख ८/मध्यपूर्वमा बढ्दो युद्धको प्रत्यक्ष असर देखिँदै भारतको मल उत्पादन मार्च महिनामा झन्डै एक चौथाइले घटेको छ । प्राकृतिक ग्यास आपूर्तिमा आएको अवरोधका कारण उत्पादनमा यस्तो तीव्र गिरावट आएको सरकारी तथ्याङ्कले देखाएको छ । यसले कृषि क्षेत्रमा दबाब बढाउने सङ्केत गरेको छ । भारतमा युरिया उत्पादनका लागि प्राकृतिक ग्यास अत्यावश्यक कच्चा स्रोत मानिन्छ । यही युरिया देशको विशाल कृषि प्रणालीका लागि मुख्य मल भएकाले यसको उत्पादन विश्वव्यापी ऊर्जा आपूर्ति र मूल्य उतारचढावसँग प्रत्यक्ष रूपमा जोडिएको छ । तर फेब्रुअरी २८ मा अमेरिका र इजरायलले इरानमाथि आक्रमण सुरु गरेपछि इरानले स्ट्रेट अफ होर्मुज प्रभावकारी रूपमा बन्द गर्दा ग्यास आपूर्ति प्रभावित भएको हो । यो जलमार्गबाट विश्वका करिब एक तिहाइ मल आपूर्ति हुने भएकाले अवरोधले विश्वव्यापी खाद्य उत्पादनमै असर पर्ने चिन्ता व्यक्त गरिएको छ । भारतजस्तो कृषिमा निर्भर मुलुकका लागि यसको प्रभाव अझ गम्भीर मानिएको छ । भारतमा कुल रोजगारीको ४५ प्रतिशतभन्दा बढी हिस्सा कृषिले ओगटेको छ । साना र कम उत्पादनशील खेती प्रणालीमा निर्भर किसानहरूका लागि मल अभाव थप चुनौती बन्न सक्छ ।

# मेडिकलको लापरवाहीले पाल्पाकी एक महिलाको मृत्यु



**पाल्पा,** वैशाख ८/मेडिकलहरुको लापरवाहीले बुटवलमा जिल्लाको बगनासकाली गाउँपालिका-२ की गिता पाण्डेको मृत्यु भएको छ । १२ हप्ताको बच्चा पेटमा अस्वस्थ भएको भन्दै गर्भपतनको लागि बुटवलमा पुगेकी उनको ३ वटा क्लिनिकमा उपचार गर्दा गर्दै मृत्यु भएको पारिवारिक स्रोतले जनाएको छ ।

पाण्डे बैशाख ५ गते आफ्ना श्रीमान् सहित बुटवल गएकी थिइन् । उनी पहिले खत्री नर्सिङ्गहोम (मेडिकल) हल ईट्टाभट्टीमा उपचारको लागि गएकी थिईन् । त्यहाँ गर्भपतन गराउनको लागि स्वास्थ्यकर्मीले औषधी चलाएका थिए । त्यसपछि त्यहाँ गर्भपत हुने सम्भावना नभएपछि उनलाई बुटवल हस्पिटल लाइनमा रहेको जोनल फार्मेसी (क्लिनिक) मा लगिएको थियो । त्यहाँ पनि उनको उपचार सम्भव नभएपछि सोही स्थानमा रहेको ईन्दुलेखा क्लिनिकमा लगिएको थियो । त्यहाँ पनि उनको औषधी चलाएर गर्भपतन गराउने प्रयास गरिएको पाइएको छ ।

*-बाँकी अन्तिम पेजमा...*

# कृषि र पशुको स्थानीय तहसँग योजना तर्जुमा गोष्ठी



**पाल्पा,** वैशाख ८/ कृषि ज्ञान केन्द्र र पशु सेवा विज्ञ केन्द्र पाल्पाले स्थानीय तहसँग योजन तर्जुमा गोष्ठी तानसेनमा गरेका छन् । उनीहरुले लुम्बिनी प्रदेश कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको समन्वयमा निर्वाचन लक्षित आवश्यकता पहिचान सम्बन्धी अन्तर्क्रिया तथा स्थानीय तहसँग योजन तर्जुमा गोष्ठी गरेका हुन् ।

गोष्ठीको गाउँपालिका राष्ट्रिय महासंघकी केन्द्रीय सदस्य तथा बगनासकाली गाउँपालिकाकी अध्यक्ष सरस्वती चिदीले उद्घाटन गरेकी हुन् । गोष्ठीको उद्घाटन गर्दै प्रमुख अतिथि समेत रहेकी चिदीले छलफलबाट वास्तविक कृषक लक्षित बजेट तर्जुमा हुनेमा विश्वास व्यक्त गरिन् । उनले पाल्पा कृषि र पशुको क्षेत्रमा सम्भावना भएको जिल्ला भएकाले गोष्ठीले महत्वपूर्ण भूमिका निर्वाह गर्ने बताइन् । अध्यक्ष चिदीले बाँदरका कारण किसानहरु पलायन हुने अवस्था सिर्जना भएकाले नीतिगत रुपमा प्रदेश र संघीय सरकारले त्यसलाई रोक्नेतर्फ ध्यान दिन आग्रह गरिन् । गोष्ठीमा सहभागी स्थानीय तहका कृषि शाखाका प्रमुखहरुले स्थानीयस्तरमा कृषकहरुले नियमित माटो परीक्षणको कार्यक्रम, बीज वृद्धि, मौरिपालन कार्यक्रम व्यवस्था गर्नुपर्ने माग गरेको बताएका थिए । उनीहरुले दक्ष जनशक्ति र समय अनुसार उनीहरुको क्षमता विकासमा ध्यान दिनुपर्ने समेत बताए । यसका साथै कृषि क्षेत्रको सम्भाव्यता अध्ययन, मल उत्पादनका लागि कारखाना, प्रविधिको प्रर्दशन, ब्राण्डिग, प्याकेजिंग र बजार व्यवस्थापनमा सहयोग पुग्ने कार्यक्रम तर्जुमा गर्न आग्रह समेत गरेका छन् । आगामी आर्थिक वर्ष २०८३/८४ को नीति कार्यक्रम तथा योजना र बजेटमा कृषि र पशु क्षेत्रका योजना निर्माणमा एक रुपता ल्याउनका लागि गोष्ठी गरिएको पशु सेवा विज्ञ केन्द्र पाल्पाका प्रमुख दुर्गा प्रसाद खनालले जानकारी दिए । कृषि र पशु क्षेत्रको विकास योजनामा स्थानीय, प्रदेश र संघीय सरकारका विषयगत कार्यलय र सोही क्षेत्रमा काम गर्दै आएका सामाजिक संस्थाको समेत उपस्थितिमा भएको गोष्ठीले कार्यक्रमको दोहोरोपना हटाउन मद्दत गर्ने उनले बताए । कार्यक्रममा प्रदेश निर्देशानलयका बागवनी निर्देशक सन्देश धितालले कृषि पशु क्षेत्रका योजनाका विषयमा प्रस्तुती राखेका थिए । गोष्ठीमा माथागढी गाउँपालिका, तिनाउ गाउँपालिका, बगनासकाली गाउँपालिका, तानसेन नगरपालिका, रैनादेवी छहरा गाउँपालिका, रिब्दीकोट गाउँपालिकाका अध्यक्ष तथा प्रतिनिधि, पालिका कृषि तथा पशु शाखाका प्रमुख तथा प्रतिनिधि, स्थानीय कृषक समूह, कृषि सञ्जाल, सहकारीका प्रमुख लगायतका विषयगत कार्यालय र सामाजिक संस्थाका प्रमुख तथा प्रतिनिधिहरुको सहभागीता रहेको थियो । कृषि ज्ञान केन्द्र पाल्पाकी प्रमुख अमिता पाण्डेको अध्यक्षता, पशु सेवा विज्ञ केन्द्र पाल्पाका युवराज ज्ञवालीको सञ्चालनमा कार्यक्रम भएको थियो ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## विश्व पृथ्वी दिवसको सन्दर्भ

विश्व पृथ्वी दिवस आज नेपालसहित विश्वभर मनाइँदै छ । हरेक वर्ष विश्वमा २२ अप्रिलको दिन यो दिवस मनाइन्छ । यो एउटा दिवस हो जसलाई पृथ्वीको पर्यावरणको बारेमा प्रशंसा र जागरूकतालाई प्रेरित गर्न निर्धारण गरिएको हो । सन् १९६९ अमेरिकाको सान फ्रान्सिस्कोमा युनेस्कोको सम्मेलनमा शान्ति कार्यकर्ता जोन म्याक कोनेलले १९७० मा उत्तरी गोलार्द्धको बसन्त ऋतुको पहिलो दिन मार्च २१बाट मनाउने गरी पृथ्वीको सम्मान तथा शान्तिको अवधारणाको लागि एक दिनको माग गरेका थिए । तर पछि अमेरिकी सिनेटर गेलर्ड नेल्सनले सन् १९७० मा पर्यावरण शिक्षाको रूपमा एक छुट्टै पृथ्वी दिवसको सुरुवात गरे । त्यस दिन देखि आज सम्म प्रत्येक वर्षको अप्रिल २२ तारिखका दिन संसार भरि नै बिश्व पृथ्वी दिवस मनाउने गरिन्छ ।

हरेक वर्ष दिवस मनाइँदै गए पनि पृथ्वीमाथि मानिसको अव्यवस्थित दोहन बढ्दै गएको छ । यो अत्यन्त दुखको कुरा हो । प्रकृति र पर्यावरण माथिको खेलवाडले जलवायु परिवर्तनको चपेटामा पृथ्वी परेको छ । औद्योगिक विकासको अस्वस्थ होडबाजीले जल, जंगल, जमिन र जीवजन्तुलाई नकारात्मक असर पर्दै गएको छ । अहिले जमिन मरुभूमीकरण बन्दै गएको, समुद्रको सतह बढ्दै गएको, हिमालको हिउँ पग्लिरहेको, आगलागी, वन विनाश जस्ता घटनाले पृथ्वी संकटमा छ । नेपाल विश्वसँगै जलवायु परिवर्तन र बढ्दो प्रदूषणको चपेटामा पर्दै गएको छ । प्रदुषणको जटिलताले गर्दा मानिसलगायत प्राणीजगत विभिन्न क्षेत्रका सिकार भइरहेका छन् ।

हामी बाँचेको पृथ्वीको हावापानी अघिल्लो पुस्ताले भोगेको भन्दा फरक छ । २५ वर्ष पहिले जस्तो विश्व अहिले छैन् । यस्तै अवस्था रहँदा आगामी पुस्ता त के युवा पुस्ताले नै अहिले भोगेको भन्दा भिन्न हावापानी भएको पृथ्वी पाउने छन् । जलवायु परिवर्तनका कारण सधैं हिउँले भरिएर टल्कने हिमाल काला बन्दैछन् । कयौं हिमनदीले आफ्नो भौगोलिक गति र स्थान फेरबदल गरिरहेका छन् । फुट्न लागेका र फुटेर लोप भएका हिमनदीको तथ्यांक बढ्दैछ । जलवायु परिवर्तनले समुद्र तटदेखि हिमालको चुचुरासम्मलाई आफ्नो प्रभाव क्षेत्रका रूपमा ताण्डव मचाएको छ । तर पृथ्वीको संरक्षण गर्ने दिशामा कसैको पनि ध्यान जान सकेको छैन । हरेक वर्ष यो दिवस मनाइने गरिए पनि पृथ्वी जोगाउने कुरामा कसैले पनि चिन्ता व्यक्त गरेको पाइँदैन । यो विडम्वनाको कुरा हो । पृथ्वीको विनाश हुनु भनेको मानव लगायत सम्पूर्ण प्राणी जगतको विनाश हुनु हो । यसप्रति सबैले चिन्तन गर्नु आवश्यक छ । पृथ्वी बचाउन जलवायु परिवर्तनको असर कम गर्न मानिसले व्यवहार परिवर्तन गर्न आवश्यक देखिन्छ । यसको सुरुवातका लागि जङ्गल क्षेत्र बढाउने र दिगो विकासका लागि वैकल्पिक उपायको खोजि गरिनुपर्छ । यसो गर्न सकियो भने मात्र हरेक वर्ष पृथ्वी दिवस मनाउनुले सार्थकता प्राप्त गर्दछ ।

## Opinion @ Social Network

जिन्दगीको आफ्नै नियम छ
पर्खे भेटिन्छ, सहे देखिन्छ ।
*(मनिषा आलेको फेसबुक स्टाटसबाट www.facebook.com/Manisha.Ale)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# स्वास्थ्य उपचार सरल र सुलभको पर्खाइमा नागरिक



## जगन्नाथ पन्त

एकजना मुहारपुस्तिका साथीले केहि दिन पहिले आफ्नो पर्खालमा दुखेसो राख्नु भएको थियो । उहाँकी आमाको पित्त थैलीमा पत्थरी परेर अप्रेशन गर्नु पर्ने भएछ । स्वास्थ्य जाँच गराएको त्रिवि शिक्षण अस्पतालले शल्यक्रियाका लागि २०८६ सालको कार्तिक महिनामा पालो दियो । अर्का एक जना नातेदारले फोन गरेर भन्नुभयो वीर अस्पतालमा स्वास्थ्य जाँच गराए । हर्नियाको अप्रेशन गर्नु पर्ने भयो तर पालो २०८४ सालको बैशाखमा मात्र आउनेभयो, लौ न कोहि चिनेका छन् भने छिटो समय मिलाइ दिनु पर्‍यो । काठमाडौं सहरका भित्रि वस्तिहरुमा दिनहुँ जसो स्पिकर लागाएर फलाना ठाउँका फलानाको फलाना विमारको उपचार गर्न घरको आर्थिक अवस्था कमजोर भएकाले आर्थिक सहयोग दिनुस, पसल-पसलमा उपचारका लागि आर्थिक सहयोगका लागि यत्र तत्र सर्वत्र याचना गर्दै हिडिरहेका दृष्य पाइन्छन् । एफ.एम. रेडियो, सामाजिक सञ्जालका भित्ताहरुमा अमुक क्लिनिकमा अनेक व्यथाको अचुक उपचार हुने विज्ञापन, प्रचार सुन्न देख्न पाइन्छ । ठूला सहरमा पनि रोग निको पार्ने झारफुक केन्द्रहरु चलेकै छन् । सरकार, सांसद, राज्यका सम्बन्धित उच्च पदस्थ चिकित्सक, स्वास्थ्य संस्था, स्वास्थ्यकर्मी सबै यस्ता अवस्थाबाट अज्ञात छैनन् ।

स्वास्थ्य सेवा सहज, सुलभ र विश्वसनीय तरिकाले पाउने जनताको नैसर्गिक अधिकार हो । राज्यबाट आधारभूत स्वास्थ्य सेवा प्रभावकारी रुपमा पाउन सक्ने सुनिश्चित प्रणाली नागरिकको मौलिक हक नै हो । राज्यको वहन गर्न सक्ने क्षमता अनुसार स्वास्थ्य सेवाको गुणस्तर वृद्धि गर्दै जानु सरकारको दायित्व हो । वडातहमा स्वास्थ्य चौकी, पालिका तहमा आधारभूत अस्पताल,जिल्ला तहमा विशेषज्ञ अस्पताल, प्रदेश तहमा मेडिकल कलेजसहितका सुपर स्पेसलिष्ट अस्पताल स्थापना र सञ्चालनको प्रयास सरकारी तहमा हुँदै पनि आएका छन् । तर कार्यान्वयन यथेष्ट सेवा हुन सकेका छैनन् । अझ राजधानीमा नै धाउन पर्ने अवस्था छ । राजधानीमा पनि सरकारीमा सेवा चापले गर्दा, श्रोत साधनको समुचित प्रबन्ध गर्न नसक्दा निजी अस्पतालमा महंगो उपचार गर्नु जनतालाई बाध्यता नै छ । निकै आशा गरिएको स्वास्थ्य बीमा कार्यक्रम शुरुका दिनमा उत्साहजनक भए पनि विस्तारै लथालिङ्ग र निराशाजनक भएको छ । केही हदसम्म बीमितका कारण, सेवा सञ्चालन गर्ने कतिपय स्वास्थ्य संस्थाका विलिङका कारण, स्वयं स्वास्थ्य बीमा वोर्डको प्रवन्ध कुसल हुन नसक्दा, समयमा सोधभर्ना नहुँदा र सरकारले पूर्ण चासो दिन नसक्दा स्वास्थ्य बीमा कार्यक्रमको कार्यान्वयन जटिल बन्दै गएको अनुभूति छ ।

जनस्वास्थ्यका कार्यक्रम वस्ति तहमा पुग्दा पुग्दै पनि जटिल अवस्थामा नपुग्दासम्म स्वास्थ्य चेतनामा लापरवाही गर्ने आम प्रवृत्तिका कारण पनि अन्तिम समयमा उपचार महँगो पर्ने र निको नहुने अवस्था छ । विरामीको पहिलो गन्तव्य निजी फार्मेसी, निजी गाउँघर क्लिनिक, प्रदेश अस्पातल पुग्दासम्म खर्च सकिने, ठूला अस्पताल पुग्दा नपुग्दै बेखर्चि हुने परिवेश अझै पनि छ । रिफर हुँदै ठूला सहर र राजधानीका अस्पताल आउँदा सरकारी अस्पतालमा आइसियू नपाएर निजीमा जानु पर्ने बाध्यता कहालिलाग्दो छ । ठूला सरकारी अस्पतालहरुमा वेडहरु धेरैछन् । तर सघन(आइसियु) उपचार सुविधा सीमित छन् । भएका सघन उपचार वेडहरु पहूंचवाला, पावरवालालाई कतिबेला चाहिन सक्छ भनेर पनि खालि हुँदा हुँदै पनि सर्वसाधारण विरामीले नपाउने अवस्था तितो सत्य हो । भुई मान्छेका लागि आइसियु नेपाली भाषामा उल्था गर्दा मैले तिमीलाई देखे भने जस्तै देख्न पाइने सहज भोग्न नपाइने छन् । नेपाल एयर लाइन्सका वाइड वोडि जहाज आधा क्षमतामा यात्रु बोकेर उड्छन् । तर यात्रुले टिकट पाउँदैनन्,सरकारी अस्पतालका सघन वेडको अवस्था पनि यदाकदा उस्तै लाग्छ । विगतमा भन्दा सरकारी अस्पतालको सेवामा सुधार नभएका होइन तर अझै पनि लामो पालो कुर्नु पर्छ । उत्कृष्ट विशेषज्ञ चिकित्सक, स्वास्थ्यकर्मी, उपकरण सरकारी अस्पतालमै छन् । तर संख्या न्युन छ । तिनै सरकारी स्वास्थ्यकर्मीले निजीमा पनि सेवा दिदा उपचार राम्रो हुने सरकारीमा सेवा दिदा कमसल हुने भन्ने त होइन नि ।

सरकारी हुन वा निजी अस्पताल हुन कतिपय अवस्थामा जोखिमदेखि त्रसित हुने अवस्था पनि छ । उपचारको क्रममा विरामीको मृत्यु हुँदा यदाकदा विरामीका आफन्तले अस्पताल तोडफोड गर्ने, स्वास्थ्यकर्मी माथि हातपात गर्ने घटनाले गर्दा जटिल अवस्थाका विरामीलाई रेफर गर्ने चलन छ । आवश्यक उपकरण र पर्याप्त सुविधा अभाव वा कमी छ भनि जोखिम लिन डराउने अवस्थाले विरामी घुमाउनु पर्ने पिडा पनि छ । पहिलेका टिमले खरिद गरेका मेडिकल उपकरण टिम फेरिदा जडान नै नगर्ने, उपकरण विग्रिरहने कारण सरकारी भन्दा निजीमा निदान गर्नु पर्ने पनि छ । एक दशक अघि बीर अस्पतालमा गामा क्यामरा चार वर्षसम्म डर्मिटोरिमा रह्यो । मन्त्रिको कडा निर्देशनपछि मात्र जडान भयो भन्ने समाचार सुने जस्तो लाग्छ । सघन उपचार सहजताका लागि ठूला सरकारी अस्पतालमा अहिलेकै जनरल वार्डहरुमा सामान्य सुधार गरेर उपकरण जडान गरेर चिकित्सक, नर्सिङ र प्यारामेडिकल अनि एटेन्डेनहरुको दरवन्दि थप गरेमा निजीमा जानु पर्ने बाध्यता कम भई सर्वसाधारणले सुलभ र सहज सेवा पाउन सकिने थियो । आफुलाई परेपछि मात्र पिडा थाहा हुने रहेछ । सिरियस अवस्थामा सघन कक्ष नपाउदा विरामी बुवालाई एम्वुलेन्समा एकै दिनमा तीनवटा अस्पतालमा पुर्‍याउनु पर्दाको कष्ट अरुलाई नपरोस् भन्ने कामना गर्दछु । सिभिल अस्पताले इमर्जन्सिमा दिएको सेवा, अल्का अस्तालले दिएको रातविरात एम्वुलेन्स सेवा र उपचार सेवा र उत्कृष्ट रेस्पोन्सप्रति आभारी नै छु । तर पनि सिभिल अस्पतालको सेवा पाउने मेरो हक हुँदा हुँदै र बुवाको उपचार सम्बन्धी विभाग समेत हुँदा पनि बिरामी भर्ना नगरेर अन्यत्र लैजानु भनेर रातारात डिस्चार्ज दिदा पिडा माथि पिडा हुँदो रहेछ । अर्का एकजना विरामीलाई पनि धेरै समय इमरजेन्सी वार्डमा राखि रहन मिल्दैन, भर्ना गर्न आइसियु चाहिन्छ, यहाँ खाली छैन भनेर अन्यत्र लैजान भनेको देखियो । पछि बुझ्दा केएमसि अस्पतालमा एक दिन समान्य वार्डमा उपचार गरेर निको भएर घर गएछन् । अल्का अस्पलाले सिभिलदेखि जावलाखेलसम्म रातिनै लगि दिइ आइसियुमा भर्ना गरि हेरचाह गर्दा अलि मन हल्का भएको थियो तर विहान ६ बजे नै वीर अस्पताल लग्न सुझाव दिए । वीरमा आइसियु खाली छैन भने पछि ग्रिनसिटि अस्पताल लानु पर्‍यो । अल्का अस्पताले चिकित्सक, नर्स सहित आफ्नै एम्वुलेन्समा पुर्‍याइ दिए, एक रुपैयाँ पनि उपचार शुल्क लिएनन् । यत्रो ठूलो उपचार दिदा पनि मनमा एउटा जिज्ञासा रहिरह्यो कि पुरानो नाम चलेको अस्पतालबाट अन्यत्र लैजान नपरेको भए हतास हुने थिइन् । माथि उल्लेख गरिएका कतिपय अवस्थाका कारण ग्रीन सिटी अस्पताल, बसुन्धरामा भर्ना गरि चार दिन सघन कक्षमा र पछि वार्डमा उपचाररत बुवाको अवस्थामा राम्रै सुधार भएको थियो । तर विधिको विधान अस्पतालबाट घर आउनु भएको दश दिन पछि यस धराधाम भन्दा परमधाम रोज्नु भयो । ग्रिनसिटि अस्तालमा रहँदाको समयमा निजी अस्पतालको महत्व बोध भयो । अस्पताल अध्यक्ष लोक बहादुर टण्डन मेरो गाउँले, सहपाठी भएर मलाई सहज भएको होला भन्ने लागेर अरु विरामीका आफन्तसँग कुराकानी गर्ने निधो गरे । लगभग सबैले त्यस अस्पतालप्रति भरोसा गरेको अनुभूति पाए । विशेषज्ञ चिकित्सक दक्ष स्वास्थ्यकर्मी, उत्तम व्यवस्थापन, राम्रो सरसफाई, प्रभावकारी उपचार, हेरचाहले गर्दा खर्चको तुलनामा सेवाका लागि अधिकांशले सन्तोष गरेको पाइयो । निजी अस्पतालमा पुरै लगानी निजी हुने भएकाले उपचार लागत सरकारीमा भन्दा महँगो भने छ । पहिलेदेखि विपन्न नागरिकलाई नि:शुल्क उपचार सेवाको व्यवस्था पनि रहेछ ग्रीन सिटी अस्पतालमा । दुरदराजका वर्षौं मानसिक र शारिरीक पिडा खेपेर घर, समाजबाट अपहेलित, उपचार खर्च अभावले अति कष्टमा रहेका, अन्य अस्पतालले विदा दिएका विरामीलाई आफै रेस्क्यू गरेर अस्पतालमा ल्याई निशुल्क उपचार गरि निको बनाई जीवनदान दिएका दर्जनौ केस थाहा पाउँदा अस्पताल सञ्चालक अध्यक्ष लोकबहादुर टण्डन प्रति सम्मान र श्रध्दा पलायो । ओखढुङ्गाको दुर्गम गाउँकी १३ वर्षिय एक जना बालिका जन्मजात गुदद्वार नभई पिसाव गर्ने ठाउबाटै दिशा पनि चुहिइ गनाउने, विद्यालयमा साथीभाईले नजिक बस्न नदिने, पेट फुलेर घैटाजत्रो भएकीलाई घरमै गई अस्पताल ल्याई निशुल्क शल्यक्रिया सहितको उपचार गरिदिई एसइई पास गरेमा थप पठाइदिने वाचा दिई पास गरेपछि आफ्नै खर्चमा रेडियोग्राफि पढाई आफ्नै अस्पतालमा रोजगारी दिएका, शारिरीक अपाङ्ग एकजनालाई उपचार गरि अस्पतालको काउण्टरमा रोजगारी दिएका जस्ता उदाहरण रहेछन् । विभिन्न स्थानमा घुम्ति शिविर चलाई असाध्य विरामीको अस्पतालमा ल्याई निशुल्क उपचार भएको, यस्ता दर्जनौ विरामीले सहज जीवन यापन गर्न पाएका भन्ने थाहा पाउदा ग्रिनसिटी अस्पताल निजी भएर पनि नाफा मात्र नहेरी मानविय सेवाभावले प्रेरित रहेको अनभूति भयो । अस्पतालमा समय समयमा रक्तदान कार्यक्रम आयोजना, आरोग्य जागरण कार्यक्रम, बिरामीको उपचार राम्रो होस् भन्ने कामनाले दैनिक बिहान साँझ नित्य पुजा सेवा भावनाले ओतप्रोत भएर हो भन्न सकिन्छ । अनेक हण्डर ठक्कर, कष्टबाट उठेर समाज सेवालाई धेय बनाएका लोकबहादुरको कार्यकक्षमा भित्तामा सजिएका सयौं सम्मानपत्र, कदरपत्र, प्रसंशापत्र देखेर मलाई ग्रीनसिटी अस्पतालको प्रसंग गास्न मन जाग्यो । मैले निशुल्क सेवा पाएको पनि हैन नत कुनै बिशेष प्रिभिलेज पाएको थिए । यस्ता मुनाफाका साथै सेवा भावका निजी अस्पताल अरु पनि होलान्, झन राम्रा पनि होलान् । सार्वजनिक स्वास्थ्य उपचार सेवाको पहुँचलाई सरल र सुलभ गराउन वर्तमान सरकारको ध्यान पुगोस् भन्ने पुकार मात्र हो । राज्यले नसर्ने खालका असाध्य रोगहरुमा शल्यक्रिया गरेका, अङ्ग सुधार गरेका विरामीलाई नियमित औषधिका लागि रकम दिने गरेको छ । सामाजिक सुरक्षा भत्ता र यस्ता सहायता हुने खाने, सम्पन्नलाई भन्दा निमुखालाई मात्र दिने बरु रकम बढाउने गरे सहि सदुपयोग हुने थियो । सरकारले सरकारी विशेषज्ञ अस्पताल, प्रतिष्ठानहरुमा भौतिक पूर्वाधार र जनशक्ति थप गरेर विशेषज्ञ स्वास्थ्यकर्मीको सुविधा बढाएर निजीमा जानु पर्ने बाध्यता न्युन गरे कति जाति हुने थियो । अनुभूति न हो अनुभूति आ-आफ्नो फरक हुन सक्छ । कसैलाई सहज भएको कसैलाई असहज, कैलाई असहज भएको ठाउँ कसैलाई सहज भएको पनि हुन सक्छ ।

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

**मेष** : समयमा साथ नमिल्नाले आत्माबलमा कमी आउनेछ। योजना रोकिन सक्लान्।

**वृष** : गरिएका कामको राम्रो प्रतिफल प्राप्त हुनेछ मेहनतले सफलता दिलाउनेछ।

**मिथुन** : प्रतिस्पर्धीहरूबाट पनि सहयोग मिल्नेछ। मित्रता र प्रेमको सम्बन्ध कसिनेछ।

**कर्कट** : समाजमा मान प्रतिष्ठा बढ्नेछ। रोकिएका कार्य प्रारम्भ हुनेछन्।

**सिंह** : परिश्रमको उचित मूल्यांकन नहोला। खर्चिलो कामले अर्थ अभाव निम्त्याउनेछ।

**कन्या** : सोचेजस्तो सहयोग प्राप्त नहोला। स्वास्थ्यमा ध्यान दिनुहोस्।

**तुला** : विद्यार्थीहरूको तर्कशक्तिमा वृद्धि हुनेछ। कानुनी मामलाहरू सुल्झिनेछन्।

**वृश्चिक** : प्रेम सम्बन्ध सुमधुर रहनेछ। पिताको स्वास्थ्यलाई लिएर चिन्ता रहनेछ।

**धनु** : आयआर्जनका नयाँ स्रोतहरू निर्माण हुनेछन्। आर्थिक पक्ष सबल रहनेछ।

**मकर** : साझेदारी व्यापारमा लाभ रहनेछ। राजनीतिक क्षेत्रमा प्रभाव बढ्नेछ।

**कुम्भ** : समाजमा मान प्रतिष्ठा बढ्नेछ। व्यापार व्यवसायमा मनग्य लाभ प्राप्त हुनेछ।

**मीन** : बोलिको प्रभावल कार्य सिद्ध गर्न सकिनेछ। आयस्रोत सबल रहनेछ।

## कला मनोरञ्जन

# ‘पहाड’ हेरेपछि सेलिब्रेटीले के भने ?



तुलसी घिमिरे निर्देशित फिल्म ‘पहाड’ले समग्र नेपालको अवस्थालाई चित्रण गरेको सेलिब्रेटीले बताएका छन् । फिल्मको सोमबार बेलुकी आयोजना गरिएको विशेष प्रदर्शनीमा फिल्म हेर्न पुगेका सङ्गीतकार शम्भुजित बाँस्कोटाले फिल्मले समग्र देशको अवस्थालाई चित्रण गरेको बताए । ‘पहाड रितिदैछ, रोजगारी छैन, हरिया पहाड उजाड भएका छन् । यो फिल्मले दिएको सन्देश राष्ट्र ग्रहण गर्नुपर्ने छ । यहाँ युवालाई स्वदेश फर्कन र आफ्नो समस्यालाई सामूहिक रूपमा लडेर न्यूनीकरण गर्न प्रेरित गरिएको छ । फिल्म राम्रो बनेको छ’, सङ्गीतकार बाँस्कोटाले भने । चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसीले तुलसी घिमिरेका पहिलेका फिल्म झैँ मनोरञ्जनसँगै सन्देश बोकेको ‘पहाड’ स-परिवार हेर्न मिल्ने फिल्म बनेको प्रतिक्रिया दिए । ‘तुलसी दाइले फिल्ममार्फत दिनुभएको सन्देश प्रशंसनीय छ’, उनले भने ‘फिल्ममा कलाकारको अभिनयसँगै पहाडमार्फत समग्र देशको अवस्थालाई चित्रण गरिएको छ । यो कथा पहाडको भएता पनि समग्र देश नै फिल्ममा देखिएको छ । युवालाई आफ्नो देश, गाउँ र पहाड फर्किन फिल्मले प्रेरित गर्छ ।’ निर्देशक तुलसी घिमिरे, अभिनेता विपिन कार्की, रवीन्द्रसिंह बानियाँ, अभिनेत्री रेनुनाथ योगीसँगै डेब्यु अभिनेत्री पञ्चमी घिमिरे लगायतले फिल्मले पाइरहेको प्रतिक्रिया बारे जानकारी गराएका थिए । झन्डै नौ वर्षको अन्तरालमा निर्देशनमा फर्किएका निर्देशक घिमिरेले दर्शक प्रतिक्रियाले आफू निकै उत्साहित रहेको बताए । उनले भने, ‘हामीले फिल्ममार्फत भन्न खोजेको कुरालाई दर्शकले राम्रोसँग बुझ्नुभएको छ, अधिकांश दर्शकले यसलाई आफ्नै कथा भन्नुभएको छ । मैले जे सन्देश दिन खोजेको थिएँ, त्यो दर्शकसम्म पुगेको छ । फिल्म हेर्न आउनु भएका दर्शक सन्तुष्ट भएर फर्किनु भएको छ ।’ बेरोजगारी, मानवविहीन बन्दै गएको पहाड र पानी अभावजस्ता विषयमा आधारित फिल्मले अहिलेको समसामयिक विषयलाई पर्दामार्फत दर्शकसम्म पुऱ्याएको बताए । अभिनेता विपिन कार्कीले फिल्मले पाएको प्रतिक्रियाले आफूसहित टिम उत्साहित रहेको बताए । ‘यो फिल्मप्रति दर्शकको प्रतिक्रिया हेर्दा आगामी दिनमा दर्शकको भीड अझ बढ्नेमा आशावादी छु । यसले नेपाली माटोको मौलिक कथा प्रस्तुत गरेको छ । फिल्म हेर्नेले पक्कै अन्यलाई सिफारिस गरेर फिल्म हेर्न हलसम्म पठाउनु हुनेछ’, उनले भने । अभिनेता रवीन्द्र सिंह बानियाँले तुलसी घिमिरे जस्तो निर्देशकसँग काम गर्न पाउनु गौरवको विषय रहेको बताए । ‘म निर्देशक घिमिरेको फिल्महरू हेर्दै हुर्किएको पुस्ता परे, उहाँले नेपाली फिल्मलाई दिनुभएको योगदानको बारेमा शब्दमा वर्णन गर्न सकिँदैन । मेरो इच्छा थियो उहाँसँग काम गर्ने, यो पुरा भएको छ । मेरो कलाकारिता यात्रामा यो सहकार्य अमूल्य छ’, उनले भने । फिल्म ‘पहाड’मा मदनकृष्ण श्रेष्ठ, विपिन कार्की, रवीन्द्र सिंह बानियाँ, सुनिल थापा, रेनुनाथ योगी, उमा गिरी, अरुण क्षेत्री तथा नव अभिनेत्री पञ्चमी घिमिरेको अभिनय रहेको छ । फिल्ममा युवा जनशक्ति विदेश पलायन हुँदा खाली बन्दै गएका पहाडी क्षेत्र र त्यसले निम्त्याएको सामाजिक तथा आर्थिक समस्यालाई चित्रण गरिएको छ ।

*-रातोपाटी डटकम*

# ‘पुष्पा २’ लाई उछिन्दै ‘धुरन्धर २’ बन्यो विश्वभर धेरै कमाउने तेस्रो भारतीय फिल्म





बलिउड निर्देशक आदित्य धरको फिल्म ‘धुरन्धर : द रिभेन्ज’ले विश्वव्यापी कमाइमा एउटा महत्वपूर्ण उपलब्धि हासिल गरेको छ । फिल्मले १,७५० भारु ग्रस कमाइ पार गर्दै सुकुमारको ‘पुष्पा २ : द रुल’ लाई पछि पार्न सफल भएको हो । यससँगै ‘धुरन्धर २’ सर्वाधिक कमाउने भारतीय फिल्मको सूचीमा तेस्रो स्थानमा उक्लिएको छ । यस सूचीमा अहिले पनि ‘बाहुबली : द कन्क्लुजन’ र ‘दंगल’ मात्र अगाडि छन् । आइतबार (अप्रिल १९) सम्म आइपुग्दा फिल्मले विश्वभर १७५० करोड भारु ग्रस कमाइ गरेको हो । यसमध्ये भारतमा मात्रै १,१११ करोड भारु नेट कलेक्सन छ, जुन घरेलु बजारमा दोस्रो उच्च कमाइ हो । विदेशमा फिल्मले ४६ मिलियन अमेरिकी डलर कमाएको छ, जसले यसलाई ओभरसिज कमाइतर्फ शीर्ष १० नजिक पुऱ्याएको छ । रणवीर सिंह अभिनित फिल्मले सन् २०२४ मा रिलिज भएको अल्लु अर्जुनको ‘पुष्पा २’ (१७४२ करोड ग्रस)लाई उछिनेको हो । ‘पुष्पा २’ले आफ्नो अधिकांश कमाइ भारतमै गरेको थियो, जहाँ यसको नेट कलेक्सन १,२३४ करोड भारु पुगेको थियो । तर अन्तर्राष्ट्रिय बजारमा यसको कमाइ ३२ मिलियन डलर मात्र थियो । अब ‘धुरन्धर २’ को लक्ष्य एसएस राजामौलीको ‘बाहुबली २’ बनेको छ, जसको विश्वव्यापी कमाइ १,७८८ करोड रुपैयाँ (मुद्रास्फीति समायोजन बिना) छ । शनिबार मात्रै फिल्मले विश्वभर ६.७० करोड भारु कमाएको छ भने आइतबार करिब ७ करोड थप्ने अनुमान गरिएको छ । यसले कुल कमाइलाई करिब १७५५ करोड रुपैयाँ पुऱ्याउनेछ, जुन ‘बाहुबली २’को लाइफटाइम कमाइभन्दा करिब ३३ करोड कम हो । सोमबारदेखि कमाइमा गिरावट आउने अनुमान गरिए पनि केही साताभित्र ‘बाहुबली २’ को रेकर्ड समात्ने सम्भावना छ । यद्यपि ‘भूत बंगला’को रिलिजले ‘धुरन्धर २’को कमाइमा केही असर पारेको छ । तर आगामी केही सातासम्म ठूलो प्रतिस्पर्धी फिल्म नआउने भएकाले यसको गति कायम रहने अपेक्षा छ । छिट्टै ओटीटीमा नआउने भएकाले हलमा यसको रन अझै लम्बिने देखिन्छ । तर, ‘दंगल’को २,०७० करोड भारुको सर्वकालीन रेकर्ड भने ‘धुरन्धर २’ले पार गर्न कठिन देखिएको छ । वास्तवमा यो फिल्म १,८०० करोड भारु नै पार गर्न संघर्ष गर्न सक्छ । यसको एउटा मुख्य कारण गल्फ देशमा रिलिज नहुनु हो, जसले कम्तिमा १२-१५ मिलियन डलर (करिब ११०-१४० करोड भारु) कमाइ घटाएको मानिन्छ । यदि गल्फ रिलिज भएको भए फिल्म २,००० करोड नजिक पुग्न सक्थ्यो । तुलना गर्दा ‘दंगल’ को ठूलो हिस्सा चीन बजारबाट आएको थियो, जहाँ यो अहिलेसम्मकै उच्च कमाउने अन्तर्राष्ट्रिय फिल्ममध्ये एक हो । चीन रिलिज अघि भने ‘दंगल’को कमाइ ७१६ करोड भारु मात्र थियो । अर्कोतर्फ, ‘धुरन्धर २’ले ‘पुष्पा २’को घरेलु कमाइ (१२३४ करोड भारु) को रेकर्ड पनि तोड्न सक्ने देखिँदैन । अहिले यो करिब १२० करोड भारु पछि छ र त्यो अन्तर घटाउने पर्याप्त गति देखिएको छैन ।

*-अनलाइन खबर डटकम*

# चाँडै ‘दर्पण छायाँपछि’ बन्छ : निरुता सिंह



अभिनेत्री निरुता सिंहको करिअरको सबैभन्दा यादगार फिल्ममध्ये मानिन्छ, ‘दर्पण छायाँ’ । यो फिल्मपछि उनले आफ्नो करिअर पछाडि फर्केर हेर्नु परेको थिएन । तुलसी घिमिरेको निर्देशनमा बनेको यस फिल्ममा निरुतासँगै उत्तम प्रधान र दीलिप रायमाझीको केमेस्ट्रीलाई दर्शकले निकै रुचाएका थिए । एकपटक फेरि उनीहरूलाई पर्दामा हेर्न ‘दर्पण छायाँ’ पुस्ताका दर्शक अधैर्य छन् । करिब ५ वर्षअघि उत्तमले आफ्नो निर्देशनमा उक्त फिल्मको सिक्वेल बनाउन लागेको खबर बाहिरिएको थियो । त्यसलाई ‘दर्पण छायाँपछि’ नाम दिइएको थियो । यो फिल्ममा काम गर्न निरुता र दीलिप पनि तयार थिए । तर, अहिलेसम्म फिल्म निर्माणको प्रक्रिया अगाडि बढ्न सकेको छैन । पछिल्लो समय यो फिल्म नबन्ने चर्चा समेत चलिरहेको छ । तर, सोमबार काठमाडौंमा आयोजित फिल्म ‘सारथी’को शुभ मुहूर्त समारोहमा निरुताले ‘दर्पण छायाँपछि’ निर्माण हुने स्पष्ट पारेकी छन् । उनले पत्रकारसँग कुराकानी गर्दै भनिन्, ‘यो प्रोजेक्ट अहिले पनि ‘अन’ नै छ । त्यसको कथा उत्तमजीले लेख्नुभएको हो । ‘दर्पण छायाँ’ सकिएको २० वर्षपछिको कथा हो त्यो । उत्तमजीले एकदमै राम्रो कथा लेख्नुभएको छ ।’ निरुताले २२ वर्षपछि ‘सारथी’मा उत्तमसँग काम गर्दैछिन् । फिल्मको छायांकनका लागि उत्तम वैशाख १५ गते नेपाल आउँदैछन् । यो फिल्मका लागि नेपाल आएको समयमा उत्तमले ‘दर्पण छायाँपछि’लाई अन्तिम रुप दिने निरुता बताउँछिन् । उनी भन्छिन्, ‘उहाँ ‘सारथी’को छायांकनमा आउँदा त्यो फिल्मको पनि तयारी थाल्नुहुनेछ । सम्भवत: चाँडै हामी छायांकनमा जानेछौं ।’ *-फिल्मी खबर डटकम*

# ४५ वर्षको उमेरमा हिरोइनको रूपमा फिल्म डेब्यू



बलिउडको प्रतिष्ठित कपुर खानदानकी अर्की सदस्य ऋद्धिमा कपुर सहनीले अन्तत: अभिनयको दुनियाँमा पाइला चाल्ने भएकी छिन् । स्वर्गीय अभिनेता ऋषि कपुरकी छोरी तथा अभिनेता रणवीर कपुरकी दिदी ऋद्धिमाले आगामी चलचित्र ‘दादी की शादी’ बाट आफ्नो बलिउड डेब्यु गर्न लागेकी हुन् । शनिबार निर्माताहरूले चलचित्रको आधिकारिक पोस्टर सार्वजनिक गर्दै यो कमेडी ड्रामा आगामी मे ८ तारिखमा हलहरूमा प्रदर्शन हुने घोषणा गरेका छन् । ऋद्धिमाले सामाजिक सञ्जालमा यो खुसी साट्दै आफ्नी आमा नीतु कपुर र चर्चित कमेडियन कपिल शर्मासँग पर्दा सेयर गर्न पाउनुलाई निकै विशेष बताएकी छिन् । आशीष आर मोहनको निर्देशनमा तयार भएको यस चलचित्रमा ऋद्धिमा र नीतुको साथमा सादिया खतिब, सरथ कुमार र तेजस्विनी कोल्हापुरे जस्ता कलाकारहरूको पनि मुख्य अभिनय रहनेछ । आफ्नो अभिनय यात्राको बारेमा कुरा गर्दै ऋद्धिमाले यो अवसर निकै अचानक आएको बताएकी छिन् । सुरुमा केही दोधारमा रहे पनि आमा र श्रीमान् भरत सहनीको प्रोत्साहनपछि उनले यो प्रोजेक्टका लागि सहमति जनाएकी थिइन् । उनले सुटिङको अनुभव सुनाउँदै आफ्नी आमासँगको केमेस्ट्री निकै सहज र स्वाभाविक रहेको र कपिल शर्माको उपस्थितिले सेटको माहोल जस्तोसुकै कठिन समयमा पनि हँसिलो रहने गरेको उल्लेख गरिन् । नेटफ्लिक्सको रियालिटी सिरिज ‘द फ्याबुलस लाइभ्स अफ बलिउड वाइभ्स’ बाट चर्चामा आएकी ऋद्धिमालाई अब ठूलो पर्दामा अभिनेत्रीको रूपमा हेर्न कपुर परिवारका फ्यानहरू निकै उत्साहित देखिएका छन् । *-डिसी नेपाल डटकम*

# गुल्मीमा चरा प्रजातिको संख्या ३५५ पुग्यो



**गुल्मी,** वैशाख ७/जिल्लामा फेलापरेका चरा प्रजातिको संख्या ३५५ पुगेको छ । पछिल्लो गणनाअनुसार ३० प्रजातिका नयाँ चरा थपिएसँगै जिल्लामा हालसम्म फेलापरेका चरा प्रजातिको संख्या ३५५ पुगेको हो ।

नेपाल पन्छी संरक्षण संघले जिल्लामा गरेको पछिल्लो गणनाको क्रममा थाप्ले सत्यवती वन क्षेत्रमा थप ३० प्रजातिका नयाँ चरा फेलापरेका हुन् । जिल्लाको रेसुङ्गा, मदाने र थाप्ले सत्यवती वन संरक्षण क्षेत्रमा गरिएको चरा सर्वेक्षणका क्रममा उक्त चरा फेलापरेको नेपाल पँक्षी संरक्षण संघका परियोजना अधिकृत शम्भु भट्टराईले जानकारी दिए । यसअघि रेसुङ्गा र मदाने वन संरक्षित क्षेत्रमा वर्षमा दुईपटक चरा सर्वेक्षण गरिँदै आएको थियो । सर्वेक्षणका क्रममा नयाँ फेला परेका चरामा तिलहरी, मोटो ठूँडे, पुष्प कोकिला, उमाचाँचर, तिबिल्चे, मुरालिडे ढिकुरे भ्याकुर, निलो लघुपँख, हटचुर चाँचर, हलीमुख, सिम कुखुरालगायत रहेको परियोजना अधिकृत भट्टराईले जानकारी दिए । गुल्मीको रेसुङ्गा, मदाने र थाप्ले सत्यवती क्षेत्र आजभोलि दुर्लभ चराको मुख्य बासस्थान बनेको छ । विश्वमा पाइने दुर्लभ चरामध्ये गुल्मीमा छ प्रजातिका चरा फेलापरेका हुन् । दुर्लभ प्रजातिका चरामध्ये रेसुङ्गा वन संरक्षित क्षेत्रमा चिरकालीज, रणमत्त महाचिल, डङ्गर गिद्ध, सेतो गिद्ध, सुन गिद्ध र गोमायो माहाचिल रहेका छन् । नेपालमा मात्र पाइने चरा काँडे भ्याकुर जिल्लाको रेसुङ्गा, मदाने र थाप्ले सत्यवती वन क्षेत्रमा रेकर्ड गरिएको छ । नेपालमा पाइने ९०३ प्रजातिका चरामध्ये गुल्मीमा विभिन्न प्रजातिका ४० प्रतिशत चरा फेलापरेको परियोजना अधिकृत भट्टराईले जानकारी दिए । ***---रासस***

# आज विश्व पृथ्वी दिवस, विविध कार्यक्रम गरी मनाइँदै




**पाल्पा,** वैशाख ८/आज विश्व पृथ्वी दिवस नेपालसहित विश्वभर विभिन्न कार्यक्रम गरी मनाइँदै छ । अप्रिल २२ का दिन विश्वभर वातावरण र पृथ्वीको संरक्षणका लागि विश्व पृथ्वी दिवस मनाउने गरिन्छ ।

सन् १९६९ मा सनफ्रान्सिस्कोमा भएको युनेस्कोको सम्मेलनमा शान्ति कार्यकर्ता जोन म्याक कोनेलले १९७० मा उत्तरी गोलार्धको वसन्त ऋतुको पहिलो दिन मार्च २१ बाट मनाउने गरी पृथ्वीको सम्मान तथा शान्तिको अवधारणाका लागि एक दिनको माग गरेका थिए । तर, पछि अमेरिकी सिनेटर गेलर्ड नेल्सनले सन् १९७० मा पर्यावरण शिक्षाको रूपमा एक छुट्टै पृथ्वी दिवसको सुरुवात गरे । पृथ्वीमा बढ्दै गएका विकराल समस्या समाधान गर्न र मानिसलाई प्रेरित गराउन यो दिवस मनाउने गरिएको हो । करिव ६ अर्ब मानिससँगै रहेका करौडौं प्रजातिका वनस्पति, लाखौं उभयचर, चराचुरुङ्गी, घ्रर्सने जनावर, एक कोषीयदेखि बहुकोषी जीवहरुको साझा बासस्थान हो, पृथ्वी । ब्रम्हाण्डमा जीवन्तु अरु कहि छ त पृथ्वीमा छ । त्यसैले यो आफैंमा महत्व छ । तर पृथ्वीमाथि मानिसको अव्यवस्थित दोहनले यो चपेटामा परेको छ । औद्योगिक विकासको अस्वस्थ होडबाजीले जल, जंगल, जमिन र जीवजन्तुलाई नकारात्मक असर पर्दै गएको छ । अहिले जमिन मरुभूमीकरण बन्दै गएको, समुद्रको सतह बढ्दै गएको, हिमालको हिउँ पग्लिरहेको, आगलागी, वन विनाश जस्ता घटनाले पृथ्वी संकटमा छ । पृथ्वीको संरक्षणबारे वेलैमा चासो नदिने हो भने भविष्यमा यसले विकराल रूप लिने निश्चित छ । जलवायु परिवर्तनका कारण दिनप्रतिदिन बढिरहेको पृथ्वीको तापक्रमलाई कम गर्दै कसरी विकास गर्न सकिन्छ भन्ने मुख्य उद्देश्य राखेर अबका दिनमा अघि बढ्नुपर्ने विज्ञहरू बताउँछन् । जलवायु परिवर्तनले पारेको असरलाई मध्यनजर गरेर त्यसलाई नियन्त्रण गर्न सके मात्र पृथ्वीको संरक्षण हुन सक्छ । वातावरण संरक्षणमा सबैभन्दा महत्वपूर्ण कुरा भनेको पृथ्वीको शोषण गर्नुभन्दा पनि यसको संरक्षणमा ध्यान केंद्रित गर्नु हो । सकेसम्म दिगो र पर्यावरणमैत्री जीवन जिउनु हो ।

## खेलकुद समाचार

# युएईसँगको पहिलो खेलमा नेपाल पराजित



**काठमाडौं,** वैशाख ८/टी-२० आई शृङ्खलाको पहिलो खेलमा संयुक्त अरब इमिरेट्स (युएई)ले नेपाललाई हराएको छ । कीर्तिपुरको त्रिवि रंगशालामा हिजो भएको अन्डर लाइट्स खेलमा नेपाल यूएईसँग ६ विकेटले पराजित भएको हो । खेलमा वर्षा बाधक बनेपछि यूएईले 'डिएल मेथडमा'का आधारमा १० ओभरमा ७८ रनको लक्ष्य पाएको थियो । जवाफमा युएईले ८ ओभर ५ बलमा ४ विकेट गुमाउँदै लक्ष्य पूरा गरेको थियो । युएईका लागि कप्तान मोहम्मद वसीमले १५ बलमा ३३ रन बनाए । नेपालका लागि सन्दीप लामिछानेले उत्कृष्ट बलिङ गर्दै २ ओभरमा ८ रन खर्चेर ३ विकेट लिए पनि जिताउन सकेनन् । त्यस्तै कुशल मल्लले एक विकेट लिए । त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको नेपालले १८ ओभर ५ बलमा ८ विकेट गुमाउँदै १२२ रन बनाएको थियो । नेपालका लागि कप्तान दीपेन्द्र सिंह ऐरी ३५ बलमा अविजित ३२ रन बनाए । यूएईका लागि मोहम्मद जुहैबले ३ विकेट लिए भने जुनैद सिद्दिकीले २ विकेट लिए ।वर्षा हुदाँ खेल केहिबेर रोकिएको थियो । यो खेलसँगै यूएईले सिरिजमा १-० को अग्रता बनाएको छ ।

# मेडिकलको...

...उनको स्वास्थ्य अवस्थामा गम्भीर समस्या आएपछि अन्तिममा लुम्बिनी सिटी अस्पतालमा लगिएको थियो । अस्पतालमा लगिएकोमा उनको मृत्यु भएको जनाइएको छ ।

मृत्युको विषयलाई लिएर प्रहरीले तत्काल ३ जनालाई पक्राउ गरेर आवश्यक अनुसन्धान प्रक्रिया अगाडि बढाएको जनाएको छ । स्रोतका अनुसार खत्री नर्सिङ्गहोमका सन्ध्या बस्नेत, जोनल क्लिनिकका निलम घर्तीमगर र ईन्दुलेखा क्लिनिकका खगेन्द्र पाण्डेलाई पक्राउ गरी कारबाही प्रक्रिया अगाडी बढाइएको हो । इलाका प्रहरी कार्यालय बुटवलका प्रमुख प्रहरी नायव उपरीक्षक निशान्त श्रीवास्तवका अनुसार महिलाको मृत्यु भएपछि श्रीमानले उचित कारबाहीको लागि प्रहरी कार्यालयमा जाहेरी दर्ता गराएका थिए ।

## अर्थ/कर्पोरेट समाचार

# नेप्से परिसूचक सामान्य अङ्कले घट्यो




**पाल्पा,** वैशाख ८/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक १८ दशमलव १० अङ्कले घटेर दुई हजार ८०७ दशमलव १२ विन्दुमा कायम भएको छ ।

मंगलबार ३४७ कम्पनीको एक करोड ३० लाख १९ हजार ५५ कित्ता शेयर ९५ हजार ८०० पटक खरिदबिक्री हुँदा रु पाँच अर्ब ७७ करोड ४३ लाख १७ हजार ८७९ बराबरको कारोबार भएको छ । मंगलबारको कारोबारमा होटल तथा पर्यटन समूहको उपसूचक एक दशमलव १६ प्रतिशतले बढेको छ भने अरू सबै समूहको उपसूचक घटेको छ । सूर्यकुण्ड हाइड्रो इलेक्ट्रिक लिमिटेड र पाल्पा सिमेन्ट इन्डस्ट्रिज लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सोलु हाइड्रोपावर लिमिटेडको आज सबैभन्दा धेरै रु ३७ करोड सात लाख ३५ हजार ९२१ बराबरको कारोबार भएको छ ।

कारोबार भएका शेयर सङ्ख्याका आधारमा सबैभन्दा धेरै नेसनल हाइड्रोपावर कम्पनी लिमिटेडको सात लाख ७७ हजार ३७३ कित्ता शेयर किनबेच भएको छ ।


## राष्ट्रिय आर्थिक गणना, २०८२ सफल पारौं !

"अर्थतन्त्र मापनको लागि आर्थिक गणना"

-आर्थिक गणना किन: देशमा सञ्चालित उद्योग, प्रतिष्ठान तथा व्यवसायको वास्तविक अवस्था पहिचान गरी वस्तुनिष्ठ नीति निर्माणको लागि आधारभूत तथ्याङ्क प्राप्त गर्न,

-गणना अवधि: २०८३ वैशाख २ गतेदेखि असार ७ गतेसम्म,

-कसलाई समेट्ने: सबै उद्योग, व्यापार, व्यवसाय, शैक्षिक एवं स्वास्थ्य संस्था, बैंक तथा सेवाप्रदायक निकायहरू ।

तथ्याङ्क ऐन, २०७९ अनुसार विवरण पूर्ण गोप्य रहनेछ।
सत्य-तथ्य विवरण दिऔं, राष्ट्र निर्माणमा योगदान गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई